☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

मितिः २०७९/०२/१३

## अफ्रिकन स्वाईन फिभर सम्बन्धी सूचना

नेपालका विभिन्न स्थानमा घरपालुवा सुंगुर, बंगुर र बंदेलमा विषाणुबाट लाग्ने अफ्रिकन स्वाईन फिभर रोगको प्रकोप देखा परेको र यो रोग कावासोती नगरपालिकामा पनि फैलन सक्ने भएकाले बंगुरपालन व्यवसायीहरुले बंगुरहरुमा १०४ देखि १०६ डिग्री फरेनहाईट सम्मको उच्च ज्वरो आउने, झोक्राएर एकै ठाउँमा थुप्रने, शरीरमा रगत जमेका राता धब्बाहरू देखिने, कानका टुप्पाहरूमा रगत जमेर कालो- नीलो बन्ने र केही दिनभित्रै ठूलो संख्यामा बंगुरहरू मर्ने जस्ता लक्षणहरु देखाएमा तुरुन्तै पशु सेवा केन्द्र, अग्यौली वा कृषि तथा पशुपन्छी विकास शाखा, कावासोती नगरपालिका (९८५७०८७२१६) वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ०७८- ५४१०९१ मा सम्पर्क गर्नुहुनका साथै देहायका उपायहरु अवलम्बन गरि रोग नियन्त्रण कार्यमा सहयोग गर्नुहुन अनुरोध छ।

१. फार्ममा जैविक सुरक्षाका विधिहरु अवलम्बन गर्ने ।
२. बंगुर पालिएका खोर र फार्म परिसरमा नियमित सरसफाई गरि चुना, ब्लेचिङ्ग पाउडर, फर्मालिन जस्ता सामाग्री प्रयोग गरि निसंक्रमण गर्ने।
३. रोगको शङ्का लागेका बंगुरहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने।
४. संकास्पद पशुको नमुना प्रयोगशाला परिक्षण गराउने र रोग प्रमाणित भएमा सो खोरमा रहेका बंगुरहरुलाई मानविय तवरले नष्ट गर्ने।
५. मरेका पशुलाई राम्रो सँग खाडलमा गाड्ने वा जलाउने।
६. घरपालुवा सुंगुर, बंगुरलाई जंगली बंदेलको सम्पर्कमा आउन नदिने।
७. संगुर, बंगुर तथा बंदेललाई होटेल रेष्टुरेन्टबाट निस्कने फोहोर खानेकुरा खुवाउने गरिएमा रोगी पशुको मासु हड्डी समेत मिसिन सक्ने र यसबाट स्वंस्थ फार्ममा संक्रमण फैलन सक्ने उच्च जोखिम रहने हुँदा यस्ता खाने कुरा नखुवाउने।
८. रोगका लक्षण देखाएका घरपालुवा सुंगुर, बंगुर, बदेल वा अन्य सम्पर्कमा आएका वस्तुहरु, पाठापाठीहरुलाई एक स्थानबाट अर्को स्थानमा ढुवानी नगर्ने/नगराउने।

**यो रोग पशुबाट मानिसमा सर्दैन।**

०७९/२/१३
डा. टेक राज पौडेल
पशु विकास अधिकृत
अधिकृतस्तर सातौं (प्रा.)